# प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम।

(परीक्षा शाखा)

Email : info.ppsc@p2.gov.np

Tel: **041-590247,590253**


**सूचना नं. १४४/०८१-८२** **मितिः- २०८१/०९/१३**

# सूचना !

**श्री सबै स्थानीय तहहरु**

**मधेश प्रदेश।**

**विषयः माग आकृति फाराम पठाउने बारे।**

उक्त सम्बन्धमा मधेश प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी भई कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ। उक्त ऐनको दफा ११ को उपदफा (१) बमोजिम स्थानीय सेवाको खुल्ला प्रतियोगिता, आन्तरिक अन्तरसेवा प्रतियोगिता र अन्तरतह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा प्रदेश लोक सेवा आयोगको सिफारिशमा मात्र स्थायी नियुक्ति गरिने प्रावधान रहेको छ। तसर्थ सबै स्थानीय तहहरुमा कानून बमोजिम स्वीकृत दरवन्दिहरु मध्ये रिक्त सबै पदहरुमा पदपूर्तिका लागि देहाय बमोजिम माग आकृति फाराम भरी यस आयोगमा पठाउन हुन आयोगको मिति २०८१/०९/१२ को निर्णयनुसार अनुरोध गरिन्छ।

१. नेपाल सरकारवाट सम्वन्धित स्थानीय तहको लागि स्वीकृत दरवन्दी (नेपाल सरकारवाट स्वीकृत संगठन संरचना र दरवन्दी विवरण संलग्न हुनुपर्ने)।

२. बुंदा १ मा उल्लेख गरिए वाहेक स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको आधारमा दरवन्दी थप हुन गई प्रदेश कितावखानामा दर्ता भएको रिक्त दरवन्दी (प्रदेश कितावखानामा दरवन्दी दर्ता गरिएको प्रमाण संलग्न हुनुपर्ने)।

३. अधिकृतस्तरका रिक्त पदहरूको माग आकृति फाराम मिति २०८१/१०/१५ गते भित्र र सहायक स्तरका रिक्त पदहरूको माग आकृति फाराम मिति २०८१/१०/३० गते भित्र यस आयोगमा पुग्ने गरी पठाई सक्नु पर्ने छ।

४. माथि उल्लेख गरिए बमोजिम सम्वन्धित स्थानीय तहको लागि स्वीकृत समग्र पदहरूमध्ये हाल रिक्त रहेका सबै पदहरू पछिसम्म फरक नपर्ने गरी अनिवार्य रूपमा माग आकृति फाराममा खुलेको हुनुपर्ने। रिक्त पद माग आकृति फाराममा समावेश नगरी छुट हुन गएको अवस्थामा माग आकृति फाराम भरी पठाउने अधिकारीहरु नै जिम्मेवार रहनेछन्।

५. स्थायी पदपूर्तिको लागि माग गरिने रिक्त दरबन्दी सङ्ख्या स्पष्ट खुलाइ कार्यपालिकाले स्वीकृत गरेको अवस्थामा कार्यपालिकाको सो निर्णयको प्रतिलिपी माग आकृती फारामसङ्गै सङ्लग्न राखी माग आकृती फाराम प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरि पठाउनु पर्ने छ। उक्तानुसारको निर्णय कार्यपालिकाले नगरेको अवस्थामा माग आकृती फाराम सम्बन्धित पालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको सङ्युक्त हस्ताक्षरबाट प्रमाणित गरि पठाउनु पर्नेछ।

६. माग आकृति फारामको नमूना यसैसाथ संलग्न छ।

....................

दामोदर गौतम

सचिव

............... पालिका, मधेश प्रदेश

........................

पदपूर्तिको लागि माग पठाउँदा संलग्न गर्नु पर्ने विवरण

.......... साल .............. मसान्तसम्म यस कार्यालयको स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था देहायानुसार रहेको छ। निम्न विवरण यथार्थपरक भएको व्यहोरा समेत प्रमाणित गर्दछौं।

| क्र.सं. | पद | सेवा/समूह/उप-समूह | तह | स्वीकृत कूल दरबन्दी संख्या (स्थायी) | पूर्ति पद संख्या (स्थायी) | पूर्ति पद संख्या (करार वा अन्य) | कुल रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

........................
प्रमुख प्रशासकीय अधिकृत

......................
अध्यक्ष/प्रमुख
............... पालिका